# बकैया गाउँकार्यपालिकाको मिति २०७५।१२।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

## १. 'लागत सहभागितात्मक विद्युत स्तरोन्नती योजना' सम्बन्धमा

नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रको च नं १९४६, मिति २०७५।११।८ को पत्रबाट 'लागत सहभागितात्मक विद्युत स्तरोन्नती योजना' सञ्चालनको लागि यस गाउँपालिकाको तर्फबाट हुनुपर्ने ५० प्रतिशत लागत सहभागिता बापतको रु १ करोड ५० लाख रकम माग भइ आएकोले गाउँपालिकाले मिति २०७५।९।३० को सूचना मार्फत बोलपत्र आव्हान गरेको तपशिल बमोजिमको बोलपत्र प्रकृया रद्द गरी गाउँपालिकाबाट चालु आर्थिक वर्षमा विद्युतिकरण शिर्षकमा लागि विनियोजन भएको रकमबाट रु १ करोड ५० लाखमा नबढ्ने गरी उक्त योजना संचालनको लागि नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई उपलब्ध गराउने निर्णय गरियो।

तपशिल

| क्र सं | ठेक्का नं | कार्य |
|---|---|---|
| १ | BRM/NCB/09/2075-76 | Supply and Delivery of Steel Tubular Pole(9m) |
| २ | BRM/NCB/11/2075-76 | Supply and Delivery of 50kva 3-phase Transformer |

## २. बोलपत्र आव्हान सम्बन्धमा

बकैया गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५।७६ को स्विकृत वार्षिक कार्यक्रममा विनियोजन भए बमोजिम योजना बापतको रकम, समपुरक कोष, प्रदेश सरकार शशर्त अनुदान, संसद विकास कोष रकम र नेपाल सरकारबाट समपुरक अनुदान बापत प्राप्त रकम समावेश गरी तपशिल बमोजिमका योजनाहरुको बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | संघीय समपुरक अनुदान | प्रदेश शशर्त अनुदान | संसद विकास कोष | गाउँपालिका योजना | गाउँपालिका समपुरक कोष | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जितपुर कोलखोप रातोमाटे ठिङ्गन सडक | ४०००००० | ० | ५०००००० | १५००००० | ० | १०५००००० |
| २ | हात्तिसुँडे शिखरपुर मन्थली सडक | ५५००००० | ० | ० | ६०००००० | ० | ११५००००० |
| ३ | भिरकोट तिनभंगाले विजलडाँडा सडक | ७९००००० | ३०००००० | ० | ३८००००० | ५०००००० | १९७००००० |
| ४ | घुम्ती मोड थली जुरेली सडक | ४०००००० | ४०००००० | ० | ० | ५०००००० | १३०००००० |

## ३. डकुमेन्ट्री निर्माण सम्बन्धमा

यस बकैया गाउँपालिकाको वडा नं १ को रजुवा मोरङ्गे लगायतका क्षेत्रमा रौतहट जिल्ला सँग सिमा विवाद देखिन गएकोले उक्त क्षेत्रका वासिन्दाको जनभावना र उक्त स्थानको यथार्थ वस्तुस्थिती समेत समेट्ने गरी गाउँपालिकाको तर्फबाट डकुमेन्ट्री तयार गरी सम्बन्धीत निकायमा आवश्यक कार्यार्थ पेश गर्ने निर्णय गरियो ।

## ४. सीमा विवाद सम्बन्धमा

यस बकैया गाउँपालिकाको वडा नं १ को रजुवा मोरङ्गे महादेवडाँडा धियाल डाँडा लगायतका वस्ती नेपाल सरकारको आधिकारीक GIS नक्सामा रौतहट जिल्ला भित्र देखिएकोले रौतहट जिल्लाले उक्त वस्तीहरु आफ्नो जिल्लामा पर्ने भनि दावी गरीरहेको तर उक्त स्थानहरु विगत देखि नै मकवानपुर जिल्लाले भोगचलन गर्दै आइरहेको, हाल गाउँपालिकाले समेत उक्त क्षेत्रमा सडक, विद्युत, खानेपानी, सिचाइ लगायतका संरचना निर्माण गरिरहेको साथै यस बकैया गाउँपालिकाको वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य केन्द्र, मतदान केन्द्र लगायतका संरचना समेत रहेकाले उक्त भुभागहरु नेपाल सरकारको आधिकारीक नक्सामा समेत मकवानपुर कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य सम्वन्धी निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

## ५. गाउँ सभाको मिति सम्बन्धमा

बकैया गाउँपालिकाको आगामी गाउँसभा मिति २०७६।१।५ गतेको लागि आव्हान गर्ने निर्णय गरियो ।

## ६. प्रति विद्यार्थी एकाइ लागतका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान सम्बन्धमा

'बकैया गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा प्रति विद्यार्थी एकाइ लागतका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका, 2075' बमोजिम गाउँ शिक्षा समितिको मिति २०७५।१२।१७ को निर्णयबाट सिफारिस भए बमोजिम शैक्षिक शत्र २०७५ को लागि तपशिल बमोजिम नगद अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विद्यालयको नाम | जम्मा रकम(रु..) |
|---|---|---|
| १ | जनज्योती प्रा.वि., धियाल | ५०००० |
| २ | श्री बालकल्याण प्रा.वि. बिजयबस्ति | १००००० |
| ३ | जन जिवन प्रा.वि., धियाल | ५०००० |
| ४ | बालविकास प्रा.वि. बागफल, धियाल | ५०००० |
| ५ | श्री कालिका मा.वि. धियाल | २००००० |
| ६ | श्री बुद्ध मा.वि., हात्तिसुंडे | ३००००० |
| ७ | श्री बालहित प्रा.वि. बसन | ५०००० |
| ८ | श्री बाघभैरव नि. मा.वि. थली | २५०००० |

| | | |
|---|---|---|
| ९ | श्री कर्मप्राप्ति मा.वि., कर्मचुली | ३००००० |
| १० | श्री किसान जागरुक सिद्धार्थ प्रा.वि. | ५०००० |
| ११ | श्री प्रभात मा.वि. श्रीपुर | २५०००० |
| १२ | श्री गीतावर नि.मा.वि., पावस | ३००००० |
| १३ | श्री शंखेश्वरी प्रा.वि. ज्यामिरे | ५०००० |
| १४ | श्री सगरमाथा प्रा.वि., मोरङधाप | ५०००० |
| १५ | श्री राष्ट्रियकालिका प्रा.वि., गडवन | ५०००० |
| १६ | श्री सिद्धार्थ प्रा.वि., भालुखोला | ५०००० |
| १७ | श्री ज्ञानप्रास प्रा.वि., मामदमार | ५०००० |
| १८ | श्री जनएकता प्रा.वि. दरबार | ५०००० |
| १९ | श्री माटोकोरी नि.मा.वि., माटोकोरी | १००००० |
| २० | श्री उत्तम भावना प्रा.वि., अँधेरी | ५०००० |
| २१ | श्री बकिया ठाकुर नि.मा.वि., बस्तिपुर | १५०००० |
| २२ | श्री नमोबुद्ध प्रा.वि., दमनगर | ५०००० |
| २३ | श्री जनजागृति नि.मा.वि., बिरेफाँट | १५०००० |
| २४ | श्री कालीदेवी मा.वि., कुडुले | १५०००० |
| २५ | श्री शान्ति प्रा.वि., हिलेखोला | ५०००० |
| २६ | श्री बाघभैरव नि. मा.वि. च्याउच्याउदमार | ३००००० |
| २७ | श्री प्रसिद्ध मा.वि. मन्थली | २००००० |
| २८ | श्री शंकर नि.मा.वि. मन्थली | १५०००० |
| २९ | श्री लोकतान्त्रिक प्रा.वि., दशघरे | ५०००० |
| ३० | श्री कालीदेवी नि.मा.वि., सिमात | १००००० |
| ३१ | श्री कान्ति मा.वि. ठिङ्गन | १५०००० |
| ३२ | श्री सेतीदेवी नि.मा.वि., जितपुर | १००००० |
| | जम्मा | ४०००००० |

## ७. गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको भुक्तानी सम्बन्धमा

'बकैया गाउँ खेलकुद विकास समिति' को मिति २०७५।९।२७ को निर्णय बमोजिम जिम्मेवारी प्राप्त गरेको 'बकैया गाउँ खेलकुद समन्वय समिति' ले संयोजन गरी मिति २०७५।१०।१७ देखि २०७५।१०।२४ सम्म जुरेली खेलमैदानमा आयोजना भएको गाउँपालिका स्तरीय फुटबल प्रतियोगिता संचालन गर्दा खर्च भएको कुल रु ११,८३,६३६।००(अक्षरेपि रु एघार लाख त्रियासी हजार छ सय छत्तिस मात्र) रकम खर्च अनुमोदन गर्दै सो रकम गाउँपालिकाले चालु आर्थिक वर्ष २०७५।७६ को लागि स्विकृत गरेको 'खेलकुद विकास कार्यक्रम' शिर्षकको रकमबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।